# प्रदेश सभा

## गण्डकी प्रदेश

## तेस्रो अधिवेशन

## (दशौं बैठक)

## मिति : २०७५÷११÷२६ गते, अपरान्ह १:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर २६ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम बिशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

**माननीय सभामुखज्यू**

सर्वप्रथम माननीय सदस्य श्री ईन्द्रधारा डादु विष्ट । समय १० मिनेट।

**माननीय इन्द्रधारा डादु बिष्टज्यू**

सभामुख महोदय, महोदय , यस पालिको हिंउदेयाममा अत्यधिक हिमपातका कारण मुस्ताङ्ग जिल्लाको लोमान्थाङ्ग गाउँपालिका र दामोदर ल्होधेकर दामोदर कुण्ड गाउँपालिका लगायत यस प्रदेशका हिमाली क्षेत्रहरुमा पशुपालनमा आश्रित कृषकहरुको हयाक, चौंडी, भेडा र च्याङ्गरा खान नपाई अरु झण्डै संयौं भन्दा माथि घाँस खान नपाई क्षेति भएको अति भएको र अझै क्षेति हुने क्रम भई रहेको हुँदा उक्त पशुपालकहरुका निम्ति हाम्रो सरकारले यथावत विवरण बुझि सहयोग राहत दिनुहुन म

सभामुखज्यू मार्फत प्रदेश सरकारलाई अनुरोध गर्दछु। साथै सभामुखज्यू म यो पनि जानकारी गराउन चाहन्छु कि यदि पशुपालक कृषकहरु घर जग्गा बिना पालमा बसी पशुको चरण क्षेत्र संगसंगै जीवन यापन गर्ने नोमेट हरुको त भविष्य समेत धरापमा पर्ने अवस्था भएको कारण सभामुखज्यू मार्फत प्रदेश सरकारलाई भविष्य समेत मध्यनजर राखी सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु। सभामुखज्यू, यदि हिंउँका कारण तेस्तो क्षेत्रहरुमा बसोबास गर्नेहरुको यातायात र बाटो घाटो समेत बन्द भएको हुँदा बाटो खुलाई सुचारु रुपमा संचालनको निम्ति पनि सभामुखज्यू मार्फत प्रदेश सरकार समक्ष जोडदार अनुरोध गर्दछु। धन्यवाद।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री मेखलाल श्रेष्ठ । समय १० मिनेट ।

**माननीय मेखलाल श्रेष्ठज्यू**

सभामुख महोदय, आज संविधान कार्यान्वयन गर्ने सिलसिलामा संघीयता लागु भै सकेको छ। यसमा अब नेपाली जनताले केही कुरा मात्रै चाहेका छन् जस्तै देशमा शान्ति सुरक्षा, विकास निर्माण, भ्रष्टाचारको न्यूनीकरण, स्थायी सरकार, महँगी नियन्त्रण, सुशासन, रोजगारीको सिर्जना, पर्यटनको विकास, व्यवसायिक कृषिको विकास, स्वास्थ्यमा सबैको पहुँच, ठूल ठूला उद्योग धन्धाहरुको शुरुवात यि सबै गर्नको लागि आवश्यक वातावरण र लगानीकर्ताको विश्वास जित्न जरुरी छ सभामुख महोदय, के यो सरकारले देशमा शान्ति सुरक्षा कायम गर्न सफल भयो। देशमा शान्ति सुरक्षा कायम गर्न सफल न त संघ सरकार भएको छ न त प्रदेश सरकार भएको छ। दिन दिनै घटनाहरु घटि रहेको छ । दिन दिनै एनसेलको टावरहरुमा बम पडकि रहेको छ।अपहरण भै रहेको छ। बलात्कार भै

रहेको छ तर यो सरकार निरीह जस्तो छ। विकास निर्माणको कुरा गरौं आजसम्मन चाहे त्यो संघ सरकारले होस चाहे त्यो प्रदेश सरकारले होस। आफ्नो विकास निमार्णमा छुट्टाएको सारै थोरै मात्रै रकम खर्च गर्न सकेको छ । के यो बाँकी रहेको रकमहरु आँउदो असारको भेलमा फेरी पहिला पहिला जस्तै खर्च गर्न बचाई राखेको हो ? स्थायी सरकार नेपाली जनताले दिई सकेका छन् यो सरकारलाई विकास गर्नको लागि यो सरकारको भ्रष्टाचार न्यूनीकरण गर्नका लागि स्थायी सरकार दिई सकेका छन्। यो सरकारले भन्ने गर्थो भ्रष्टाष्चार शुन्य छ। भ्रष्टाचार शुन्य दृष्टिले हेर्दै छौं। हामी सबै कुरा गर्छौं तर आज यो देशमा ठूला ठूला वाइडबडी भ्रष्टाचार जस्ता, तैंतिस किलो सुन जस्ता, सिण्डिकेट जस्ता, निर्माण व्यवसायीहरुले गरेको लापरवाही जस्ता, र बुढी गण्डकी हाम्रै प्रदेशमा रहेको बुढी गण्डकीलाई बिना प्रतिस्पर्धा एउटा विवादित चाइनिज गेजुवा कम्पनीलाई दिने कार्य जस्ता सरकारले यो सरकारले गरेको छ सभामुख महोदय। मंहगीको कुरा गर्ने हो भने यो सरकारले यो सरकारले जनतालाई ढाड भाचिने गरी ट्याक्स लगाएको छ। तर मंहगी नियन्त्रण गर्ने तिर यो सरकार लागेको छैन। सुशासन अहिले त कुशासन भै सकेको छ सभामुख महोदय र कर्मचारीहरु खटाएको ठाउँमा जाँदैनन सभामुख महोदय। यो सरकारले कर्मचारीहरुलाई जथाभावी रुपमा पजनी गरी रहेको छ। उसको योग्यता, उसको क्षमता, र उसको दक्षता अनुसारको ठाउँमा नपठाएर आफ्नोलाई राम्रो ठाउँमा अर्कालाई नराम्रो ठाउँमा खटाउने प्रवृत्ति बढेको छ। पर्यटनको विकास, व्यवसायिक कृषि, जुन कुरा प्रधानमन्त्री कृषि योजनामा गाउँ गाउँमा लगाइयो राम्रो कुरा थियो तर त्यसमा पारदर्शिता यो सरकारले ल्याउन सकेन। पारदर्शिता पनि प्रदेश सरकारले ल्याउनु पर्छ भन्ने मलाई लाग्दछ। स्वास्थ्यमा सबैको पहुँच, हाम्रो नेपाली जनताले सबैले स्वास्थ्य गाउँ गाउँमा पाउनु

पर्छ भन्ने थियो तर दरबन्दिहरु छैन कर्मचारी छैन त्यहाँ सेवा सुविधा गर्ने अंगहरु छैनन्। ठूलो ठूलो उद्योग धन्धा शुरु गर्नका लागि नेपाल सरकार अहिले असफल जस्तो भएको छ। सभामुख महोदय, यी कुराहरु आजका मितिसम्म सरकारले गरी सकेका छैन यि कुरा छर्लङ्ग रुपमा प्रष्ट छ । तर नेपाली जनता यति धेरै सहनशील र सोझा छन् उनीहरु अझै पनि हामीलाई देशमा शान्ति भए मात्रै पुग्छ हामी त आधा पेट खाएर बस्न तयार छौं। विकास निर्माण त पछि गर्दै गरौंला यो सरकारलाई विश्वासमा चुपचाप सहेर बसेका छन् । अन्त अन्त देशमा भै सभामुख महोदय, आज आगो बली सक्थ्यो, हावा हुरी आई सक्थ्यो, के के नै हुने थियो यो थाम्नै नसक्ने हुने थियो। यो देश बुद्धको देश, सिताको देश भएर होला यहाँका जनताहरु सहेर बसेका छन्। सभामुख महोदय तर देश आज जुन दिशा तिर उन्मुख भै रहेको छ देश अत्यन्त जटिल मोडबाट गुज्रि रहेको छ। संघीयतालाई असफल बनाउने कोशिश भई रहेको अवस्थामा नेपाली जनताको कामनालाई कुठाराघात गर्दै नेपाल सरकार जसरी अगाडी बढी रहेको छ त्यो अवश्य नै राम्रो संकेत होइन। हो विद्रोहीलाई वार्ताबाट शान्ति प्रक्रियामा ल्याउनु पर्दछ। ल्याइएका कैयौं इतिहासहरु छन्। केही वर्ष अगाडी मात्र सशस्त्र संघर्षबाट नै सत्ता प्राप्त हुन्छ भनेर सत्र हजार नेपाली दाजु भाईहरुले शहादत प्राप्त गरी सकेपछि वार्ताबाट संवादबाट नै दश वर्षे सशस्त्र युद्धलाई शान्ति र वार्तामा ल्याउन सफल हामी नेपालीहरु आफै भएका थियौं। त्यसैको फलस्वरुप आज हामीले संघीयता र गणतन्त्र ल्याउन सफल भयौं। त्यसैलाई टेकेर आज नेकपा बनेर साथीहरु सत्तामा हुनुहुन्छ। हो अझै पनि बाँकि रहेका विद्रोही असन्तुष्ट पक्षहरुलाई वार्ताबाट संवादबाट नै शान्ति प्रक्रियामा ल्याउनु पर्दछ यो राज्यको कर्तव्य पनि हो र यसमा हाम्रो सधैं सहमति र साथ रही रहने कुरा र जानकारी गराउन चाहन्छु

सभामुख महोदय। तर आज जुन प्रकारले आफ्नै पार्टीका नेता वा प्रतिपक्षका नेतालाई समेत थाहा नै नदिई सल्लाह नै नगरी जेल जीवन बिताइ रहेका त्यो पनि संगिन अपराध जो नेपाली जनताले सुन्नै चाहन्न सुन्नै सक्दैनन राष्ट्रलाई टुक्राईदिन्छु अर्कै राष्ट्र बनाउँछु। फिरन्गीहरुलाई धपाउँछु। छुट्टै भाषा बनाउँछु भन्ने समूहका नेता सिके राउत जस्ता विखण्डनकारीहरुलाई हाम्रै शिर्ष नेताहरुले न्यायालयसंग गुपचुप राती भाषा मिलाउने वार्ता वा धम्की के के दिएर हो जेलबाट छुटाउने अनि त्यसैको भोलिपल्ट तामझामका साथ स्वर्गबाटै आएका महाराज नै हुन कि अब त यो देशमा सबै थोक समाधान नै भई हाल्छ भन्ने जुन विरोधाभाष एघ्यार बुँदे सम्झौता गरियो यो सर्वथा खेदजनक र अमान्य छ किनकि तपाईंले पनि हेर्नु भएको होला सुन्नु भएको होला त्यो बुँदा मध्येको दुई नम्बर बुँदामा जुन कुराहरु लेखिएका छन् मधेशमा भएको असन्तुष्टिहरुलाई सम्बोधन गरिने छ। त्यसलाई कुन रुपमा भन्न खोजिएको हो। सिके राउत आफै बोल्दा ट्विट मार्फत जनभावना भनेको जनमत संग्रह हो भनेका छन् के यसले अब अखण्ड नेपाल रहन सक्ला जस्तै पहिला भनेको जस्तै मधेशलाई छुट्टै देश बनाउन त खोजिएको त होइन म यहि सदनबाट भन्न चाहन्छु यि कुराहरु कुनै पनि हालतमा नेपाली जनता मान्नै तयार छैनन्। र हाम्रो दल यसको घोर विरोध गर्दै यस्तो हुन दिने छैन । सभामुख महोदय, बाघ कराउने बाख्रा हराउने, भने जस्तै संगिन अपराध गरेर ज्यान मुद्दामा थुनिएका रेशम चौधरी जस्ता व्यक्तिलाई सबै ठाउँबाट विरोध हुँदा हुँदै कुनै दललाई रिझाउनको लागि यो दुई तिहाई प्राप्त सरकार तर अति कमजोर सरकारले शपथ ग्रहण त गरायो तर अदालतले त्यसलाई जन्मकैद सुनाउने बित्तिकै तिनकै दलका अध्यक्ष मण्डलका अध्यक्ष राजेन्द्र महतोजीले जुन भाषामा नेपालीहरुलाई देखाई दिन्छौं सिमाना ठप्प पारिदिन्छौं जस्ता अभिव्यक्ति दिंदै हिडेका छन्

र अरु पार्टीका ठूला ठूला नेताहरुले पनि अस्ति सिके राउत सित गरेका सम्झौतालाई हतार हतारमा स्वागत गर्न भ्याई सकेका छन्। के यो संयोग मात्रै हुन सक्छ सभामुख महोदय मलाई कदापि लाग्दैन यो हो भन्ने यो त कहिंबाट निर्देशित र तयारी रुपमा आइएको एउटा खेस्रा मात्रै हो। अरु आउन त बाँकि नै छ। यि कुराहरु बाहिर बजारमा आउन थालि सकेका छन्। सभामुख महोदय, अब म त भन्न चाहन्छु हामी जनताका प्रतिनिधि हौं। कुनै पार्टीको सदस्य मात्रै होइनौं। राष्ट्र भए नै राष्ट्रिय रहला। हामी नभएनि कोही माननीयहरु होलान। जब राष्ट्र नै नभई को कहाँ पुगौंला सबैलाई थाहा छ। माननीय सदस्यज्यूहरु सबैलाई म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु हामी अब उठौं जागौं जगाउँ यो कदमको विरोध गर्न पछि नपरौं हामीलाई कसैले छेक्न सक्दैन। हामीलाई त जनताले देश र सार्वभौमसत्ताको रक्षा गर्नको लागि आज हामीलाई यहाँ पठाएका हुन। उनीहरुले विश्वास गरेर हामीलाई पठाएको विश्वासलाई विश्वासघात नगरौं। पछि नपरौं पछि पछुताउनु पर्नेछ। सभामुख महोदय, यो कुरा मैले मात्रै सुनी रहेको छैन नेकपाका नेता यो देशका विज्ञहरुले यि कुराहरुलाई उठाई राखु भएको छ। हामी यो सदनमा आज जसरी उपस्थित भएका छौं । भोलि यो सदनमा उपस्थित हुन पाउने कि नपाउने हामीले आफूलाई नेपाली भन्न पाउने कि नपाउने भन्ने कुरामा मलाई अत्यन्त पिडा भएर आज यो प्रदेश सभा मार्फत संघ सरकारलाई यो कुरा सभामुख मार्फत जाओस कि यो कुनै पनि सम्झौता यदि लागु भयो भने हामी नेपालीहरु नेपाली भएर बाँच्न पाउँछौं कि पाउँदैनौं । गण्डकी प्रदेशमा गुरुङ्ग र मगरले हामीलाई छुट्टै हामीलाई राज्य चाहियो हाम्रो भाषा छुट्टै चाहियो भनेर जनमत संग्रह गराउन पाउँछन कि पाउँदैनन । मैले फेरी आज विहान उठेर एउटा युट्युब हेरेको नेकपाका महामन्त्री महामन्त्री भन्नु हुन्छ कि के भन्नु हुन्छ विष्णु

पौडेलज्यूको कुरा सुनें। तपाईंहरुले हिजोको सम्झौतालाई अन्यथा नमान्नुस यस्ता सम्झौता त अहिले कति हुँदैछन् र हुनेछन्। यो भन्न खोजिएको के हो हामीलाई यसको जवाफ चाहिन्छ। यो जुन सम्झौता हुँदैछ भनेको देशलाई नै अन्त लेनलुनदर्जे बनाउन त खोजिएको त होइन। मलाई शंका लाग्छ यसमा गम्भिरतापूर्वक सबै साथीहरुले एकै ठाउँमा एकजुट भएर सोचौं भन्ने कुरा राख्दै विदा हुन्छु। धन्यवाद। जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री धनमाया लामा पोखेल । समय ५ मिनेट ।

माननीय सदस्य श्री धनमाया लामा पोखेल । समय ५ मिनेट ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री दिपक कोइराला । समय १० मिनेट ।

## माननीय दिपक कोइरालाज्यू

माननीय सभामुख महोदय, पोखरा प्रवेशद्धारमा रहेको विजयपुर खोला माथिको पुल अहिले संचालन गर्न नसक्ने अवस्थामा पुगेको छ। खास गरीकन तीन चार दिन अगाडीबाट विजयपुर खोलाको पुलमा क्राक आयो भन्ने हल्ला भयो। र त्यो अनुसार प्राविधिकहरुले त्यस्को हेर्ने कामहरु पनि गरे। आज विहान प्रत्यक्ष रुपमा त्यसको अवलोकन मैले पनि गरें। यो पुल क्राक आउने कुरासंग र अहिले असुविधामा परेको कुरा त छदैछन्। किनभने पोखरा आउने मुख्यद्धार या पोखरा आउने एउटा मात्रै लाइफलाइनको रुपमा प्रयोग भै रहेको विजयपुर माथि रहेको पुल संचालनमा ल्याउन नसक्दा पोखरा हाम्रो प्रदेशको राजधानी, पर्यटनको राजधानी निर्माणको अहिलेको क्रमलाई हेर्ने हो भने तीव्र रुपमा निर्माण भै रहेको अगाडी बढी रहेको अवस्था र पोखरा अन्तरराष्ट्रिय विमानस्थल

कार्य समेत यसले प्रभावित बनाई रहेको अवस्था देखा परेको छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पनि सामग्रीहरु ढुवानीमा समस्या आएको रिपोर्टहरु समस्याहरु आई रहेका छन् अहिले धेरै निर्माण कार्यहरु र पोखरा आउने आवत जावत गर्ने कुराहरुमा पनि समस्या परि रहेको छ। यो एउटा प्राविधिक कुरा हो। यो पुल जिर्ण भएको पनि होइन। जम्मा एग्यारह वर्ष अगाडी मात्रै यो पुल संचालनमा आएको हो। पुल आज समस्या आयो भन्ने कुरा एकातिर छँदैछ त्यो सँग केही प्रश्नहरु जन्मिएका छन्। म  यो सदन समक्ष सरकारको ध्यानाकर्षण गराउन चाहन्छु सम्बन्धित मन्त्रालयको कि हामीले हाम्रो निर्माण कार्य कसरी अगाडी बढाउँदै छौं। कस्तो खालको निर्माण कार्य गर्दा रहेछौं भन्ने कुराको एउटा राम्रो उदाहरण हो यो। समस्या त आज छँदैछ। हामीले त्यसलाई डाइभर्जन गर्दै छौं। सडक डिभिजन कार्यालय, प्रदेश सरकार सबै निकायहरु त्यहाँ संलग्न छन् र हामी त्यसलाई डाइभर्जन गर्दै छौं र त्यो डाइभर्जन धेरै दिन चल्दैन किनकि बर्खासंगै फेरि त्यो खोला बढने समस्या हुन्छ  र अहिले पनि हाइड्रो पावरको काम रोकेर हामी त्यसलाई वैकल्पिक बाटो बनाउने काम गरी रहेका छौं। वैकल्पिक बाटो बनाउन पनि त्यहाँ केही समस्याहरु देखा परि रहेकाछन्।  खैर प्रदेश सरकारले पनि त्यो बारेमा केही चासो राखेको छ, गरेको छ। तर ग्यारह वर्षमा भत्किने पक्की पुल हामीले हाइवेमा कसरी निर्माण गर्यौं। यो एउटा गम्भीर प्रश्न हो। र म के कुरा राख्न चाहन्छु भने यसबाट कस्तो प्रश्न जन्मिएको छ। नम्बर एक हामी कस्तो निर्माण कार्य गर्छौं। कस्तो निर्माण सामाग्री प्रयोग गर्छौं  र कस्तो निर्माण कम्पनीलाई हामी काम दिन्छौं भन्ने केही गम्भीर प्रश्न यहाँ खडा भएको छ। र हुन त यो संघीय सरकारको कार्यक्षेत्र भित्र पर्ला र यो राष्ट्रिय राजमार्गमा पर्दछ तर यो हाम्रो प्रदेश भित्र भएको कारणले प्रदेश सरकारले या प्रदेशले पनि यो

बारेमा चासो राख्नु पर्ने र प्रदेशको राजधानी आउने मुख्य बाटो मुख्य नाका नै बन्द हुने अवस्थामा रहेको यो पुल जुन ढंगले जुन अवस्थामा पुगेको छ त्यस कारण मैले भन्न खोजेको कुरा के हो भने यो पुल जम्मा ग्यारह वर्ष मात्रै यो पुलको आयु यदि तोकिएर बनाइएको थियो भने नयाँ पुल बनाउने कार्य यो भन्दा दुई वर्ष अगाडी नै शुरु हुनु पर्ने थियो। तर मेरो विचारमा यो पुल ग्यारह वर्षको लागि बनाइएको होइन। पुल कम्तीमा पचास वर्ष या सय वर्षको राखेर बनाइन्छ भन्ने कुरा प्राविधिकहरुबाट पनि हामीले सुन्यौं यो बारेमा प्राविधिक रुपमा पनि हामीले चासो राख्यौं त्यस कारण म सबै भन्दा पहिला यो सदन मार्फत के कुरा राख्न चाहन्छु भने यो पुल निर्माण गर्ने कम्पनी, यो पुल निर्माण गर्ने कम्पनी, यो पुल निर्माण गर्ने र स्वीकृत गर्ने सडक डिभिजन कार्यालय या पुलसंग सम्बन्धित कुनै पनि कार्यालय र प्राविधिकहरुलाई तुरन्त बोलाएर यो बारेमा जवाफ मागियोस् कि एग्यारह वर्षमा यो पुल किन क्राक भयो र यो बारेमा एउटा उच्च छानबीन आयोग बनोस आयोग बनाउन जरुरी देख्दछु। सायद यो सडक डिभिजन कार्यालयबाट प्राविधिक टोलीले यसको निरीक्षण गरी रहेको छ । मैले सुनेको छु पुल्चोक इन्जिनियरिङ्ग कलेजलाई यसको जिम्मा दिइएको छ र एक महिना भित्रै यसको रिपोर्ट पनि आउनेछ। तर यो इन्जिनियरिङ्गको हिसाबले हेरेर मात्रै यसले समस्या मात्रै पत्ता लगाउने कुरा गर्दछ। यो आयोग ले त्यस कारण म के कुरा राख्न चाहन्छु भने सरकार प्रदेश सरकारले विशेष पहल लिएर संघीय सरकारसंग समन्वय गरिकन यो एग्यारह वर्षमा यो पुल भत्काउने अवस्था, यो पुल समस्यामा पर्ने अवस्था कहाँबाट आयो यदि निर्माण सामग्री कमजोर छ भने निर्माण सामाग्री कम्पनीलाई कारवाही गर्नु पर्यो । यदि यो जुन डिजाइनमा बनाउन खोजिएको हो त्यो डिजाइनमा बनाइएन र यसलाई यसलाई जुन निकायले

स्वीकृति दियो या जुन प्राविधिकले जुन सरकारी प्राविधिकले यसलाई स्वीकृति दिन्छन् तिनलाई कारवाही हुनु पर्यो किनभने यो यो कुरा हामी वास्तवमा भाग्यवश धेरै मानिसहरु बाच्याँ छौं यो पुलबाट। यो पुलमा रंग लगाउने क्रम, पुलमा रंग लगाउने क्रममा मात्रै थाहा भयो कि पुलमा क्राक आएको छ यो पुलमा पुलको अवस्था कसैले कहिले पनि हेरेन। यो पुल हेर्ने निकाय सडक डिभिजन कार्यालयले कहिले पनि यो पुलमा हेरेको छैन। यो पुल निर्माण भएदेखि आजसम्म कसैले त्यसको अनुगमन पनि गरेको छैन। खाली यो पुल रंग लगाउने क्रममा, यसलाई रंग लगाउने क्रममा मजदुरहरुले क्राक आएको देखेर रिर्पोट गरी सकेपछि यो कुरा थाहा भयो कि यो अहिले जुन रुपमा संचालन भै रहेको थियो त्यही रुपमा यो पुल संचालनमा भै रहने हो भने ठूलो दुर्घटनाको खतरा थियो, ठूलो घटना, ठूलो खतराबाट हामी जोगियो भन्ने कुरा प्राविधिकहरुले भनी रहेका छन्। त्यस कारण त्यस कारण हाम्रा निर्माण गरिने हामीले निर्माण गरेको यो एउटा शिक्षा पनि हो हामीले आगामी दिनमा निर्माण गरिने निर्माण गर्ने ठाउँमा पनि या आगामी दिनमा हामीले निर्माण गर्ने कुनै पनि भौतिक संरचनालाई हामीले एउटा राम्रो मापदण्डका साथ निर्माण गर्नु पर्छ भन्ने कुराको राम्रो यसले सन्देश दिइएको छ । त्यस कारण एग्यारह वर्ष भित्र यो पुल भत्किने अवस्था के कारणले पैदा भयो भन्ने कुराको खोजी होस् र त्यो जे कारणले भएको निर्माण सामाग्री उत्पादनको कारणले हो भने निर्माण सामाग्री कम्पनीलाई कारवाही गर्नु पर्‍यो। प्राविधिकहरुको कारणले हो भने उनीहरुलाई कारवाही हुनु पर्‍यो र निर्माण कम्पनीको कारणले हो भने निर्माण कम्पनीलाई कारवाही हुनु पर्‍यो। यो यो कुरामा विशेष पहल गरियोस् भन्ने कुरा म राख्न चाहन्छु म यो सभा मार्फत माननीय सभामुख महोदय सरकारसँग। र अर्को कुरा अहिले हामी पोखरामा मैले अघि पनि भनें यसले धेरै कुरा प्रभावित

पारेको छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थलको काम समेत यसले प्रभावित पारेको अवस्था छ। छिटो भन्दा छिटो वैकल्पिक बाटो बनाएर डाइभर्जनको कामलाई तीव्रताका साथ हामीले आज आजसम्म अझै हामीले यसलाई डाइभर्जन दिन सकि रहेका छैनौं र यसलाई छिटो भन्दा छिटो डाइभर्जन दिएर डाइभर्जनको प्रयोग गरेर यसलाई गर्नु पर्ने र संगसंगै पोखरामा हामीले अघिल्लो वर्षको बजेटमा पोखरा २६ र १४ लाई जोडने डहरे साँघुमा एउटा पुल निर्माण गर्ने यसको टेण्डर पनि भै सकेको अवस्था छ र  यसलाई म यो सदन मार्फत भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पनि म यो कुरा अनुरोध गर्न चाहन्छु कि यो यो पुल यसै वर्ष सम्पन्न गरियोस् किन भने यसले कम्तिमा विजयपुर खोलाको पुललाई पुल यसलाई यसको भारलाई कम गर्नलाई यसले महत्वपूर्ण योगदान गर्दछ मैले ठान्दछु र वर्षा भन्दा अगाडी नै हामी अहिले नै पुल बनाउन त सक्दैनौं किनकि त्यो पुल पनि झण्डै सात वर्ष आठ वर्ष लगाएर बनाइएको पुल हो । त्यस कारण हाम्रो निर्माण गर्ने स्प्रिरिट हाम्रो निर्माण गर्ने तौर तरिका सबैलाई थाहा छ। हामीलाई आज सम्म पनि त्यसलाई चेन्ज गर्न सक्या छैनौं। हामीले राजनीतिक परिवर्तन गरौं, संघीयतामा गयौं सारा कुरो हामीले भन्या छौं तर हामीले विकास निर्माणको ट्रेण्डलाई बदल्न अझै सक्या छैनौं त्यस कारण यो ट्रेण्ड अहिले पनि बदल्नि अवस्था छैन। त्यस कारण बर्खा नलाग्दै हामीले त्यहाँ एउटा बेली ब्रीजको व्यवस्था गरेर कम्तिमा यो बर्खा या एक दुई वर्षको लागि वैकल्पिक व्यवस्था गर्न पनि सरकारले विशेष पहल गरोस् भन्ने कुरा म यहाँ राख्न चाहन्छु यो विजयपुर खोलाको पुलको सन्दर्भमा कुरा गर्दा खेरी। अब अलिकति हाम्रो पछिल्लो पटक सरकारले गरेको कामको बारेमा धेरै चर्चा परिचर्चा भै सकेको छ। म त्यहाँ तिर जाँदैन। मैले उठाउन खोजेको कुरा र भन्न खोजेको कुरा के भने राष्ट्रको देशको

मूल धारमा राजनीतिक मूल धारमा आउँछ भनेका विभिन्न शक्तिहरुलाई मूल धारमा आउन दिन सक्नु पर्छ। तर आउँदा पनि बाटो छेक्ने हो भने आउँदा खेरी किन आईस भन्ने हो भने फेरी त्यहींबाट समस्या पैदा हुन सक्दछ र समस्याहरु शुरु हुन सक्दछन्। त्यस कारण प्रत्येक शब्द शब्दमा खेलेर हुन लाएको सहमतीलाई या हामीले जुन ढंगले देशलाई एउटा देशलाई युद्धबाट देशलाई अस्थिरताबाट स्थिरता तिर लगि राख्या छौं र स्थिरता पैदा गर्न खोज्ने कुरालाई फेरी अस्थिरता तिर धकेल्ने र धमिलो पानीमा माछा मार्ने प्रयत्न हुन खोजी राख्या छ कि भन्ने महशुस भएको छ र त्यस कारण मलाई पनि राष्ट्रप्रति माया छ। म पनि राष्ट्रवाद प्रति विश्वास गर्दछु। यो राष्ट्र टुक्रिनु पर्दछ भन्ने पक्षमा म छैन कहिले पनि हुँदा पनि हुँदैन। तर त्यो कुरालाई हामीले जे भए पनि मूलधारमा राजनीतिको मूलधारमा ल्याउन कोशिस गरी राख्या छ सरकारले फेरी जबरजस्ती तेसलाई धकेलेर उतै पठाउने कोशिस गरियो भने फेरी तेसले सही निकास प्राप्त गर्न सक्दैन। त्यस कारण हामीले हामीले यो वा त्यो बहानामा यो वा त्यो रुपमा फेरी पनि हामीले यसलाई स्थिरतालाई स्थिरताका साथ हाम्रो समृद्धी र विकासको हाम्रो अभियानलाई स्थिरता तिर लै जाने निर्णयहरुलाई फेरी पनि अस्थिरता तिर धकेल्ने कोशिस नगरौं। मेरो यति मात्रै अनुरोध हो । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री विन्दुकुमार थापा । समय ५ मिनेट ।

## माननीय बिन्दु कुमार थापाज्यू

सभामुख महोदय, अ यो पृथ्वी राजमार्ग र राजमार्ग अन्तर्गत साविक लेखनाथ र पोखरा जोडने विजयपुर पुलको सन्दर्भमा म केही कुराहरु यो

सम्मानित सदनमा राख्न चाहन्छु। हुन त पूर्व वक्ता हाम्रो माननीय दिपक कोइरालाज्यूले पनि यो विषयमा धेरै कुराहरु राखी सक्नु भएको छ। यो २०६४ सालमा यो पुल चाहीं संचालनमा आएको हो र यो स्टिलको स्ट्रकचरमा आधारित यो पुल बनेको छ र यसको यसमा सात ठाउँमा क्रयाक देखिएको अवस्था छ र एक ठाउँमा यो  क्रस चेम्बर पनि यो एक ठाउँमा क्रयाक भएको अवस्था छ र यसमा सडक विभागले दश टन भन्दा माथिका गाडीहरुलाई त्यो पुलबाट आवत जावत गर्नका लागि चाँही प्रतिबन्ध गरेको छ र त्यसले गर्दा यसले कोत्रेबाट हेभि गाडीहरु, बढी भार वहन गर्ने क्षमताका गाडीहरुको लाइन बसी सकेको अवस्था छ। अब यसलाई मध्ये नजर गरेर यसलाई छिटो भन्दा छिटो हुन त यो वैकल्पिक खोलाबाट नै दुई तिन दिन भित्रमा नै यसलाई वैकल्पिक स्रोत बाटो  निर्धारण गर्ने भनी अगाडी बढी सकेको अवस्था छ। यद्यपि यसलाई अब म सभामुख मार्फत प्रदेश सरकारलाई के भन्न चाहन्छु भने देखि यो यो पुललाई अब छिटो भन्दा छिटो यसलाई मर्मत सम्भार गरेर यथावत अवस्थामा चलाउन सक्ने अवस्थामा हामीले लैजानु पर्ने एउटा आवश्यकता छ भने किनकि यो एउटा दैनिक रुपमा ६००० भन्दा बढी गाडीहरुले आवत जावत गर्ने यो पुल, यो पुल एउटा मुख्य मार्ग नै रहेको हुँदा खेरी यसको अविलम्ब निर्माणको लागि पाइला चाल्नु पर्ने एउटा आवश्यकता देखिएको छ भने अर्को कुरा वैकल्पिक पुलको लागि पनि हामीले अहिले नै सोच्नु पर्ने जरुरी देखिएको छ। किनकि यो पुल अहिले क्रयाक हुने बित्तिकै अहिले पनि धेरै ठूलो समस्याहरु आई सकेका छन्। त्यस कारणले पनि यो पुललाई छिटो निर्माण गरेर छिटो भन्दा छिटो संचालन गर्ने कुरा र विजयपुर खोलामा यस्ता अरु पनि वैकल्पिक पुलहरु बनाएर एक ठाउँमा अप्ठयारो पर्दा खेरी अर्को ठाउँमा पनि त्यसलाई हामीले सुचारु रुपमा संचालन गर्न सक्ने हिसाबबाट मैले हामीले सभामुख

मार्फत म यो सभाको ध्यान आकृष्ट गर्न चाहन्छु र यस प्रति प्रदेश सरकारको ध्यान जाओस भन्दै म आफ्नो कुरा यहीं टुग्याउँछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री मन बहादुर गुरुङ । समय ९ मिनेट ।

**माननीय मन बहादुर गुरुङज्यू**

सभामुख महोदय गण्डकी प्रदेशको राजधानी पोखरा, पोखरा महानगरपालिकाको वडा नं= १४ र २६ को बिचमा पर्ने विजयपुर खोलाको पक्की पुल अचानक क्रयाक पर्न गई आवत जावतमा समस्या भएकोले तुरुन्तै वैकल्पिक बाटोको व्यवस्था गरी सर्वसाधारण जनताको सर्वसुलभको लागि म सम्माननीय सभामुख मार्फत प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्दछु। र त्यहाँ वैकल्पिक बाटो खोजी राख्ने क्रममा भगवती श्रेष्ठ लगायत केही अस्थायी घरहरु बसोबास गरी रहेको छ र एकदमै जोखिमको अवस्थामा भएकोले तत्काल उहाँहरुलाई सही व्यवस्था गर्नु पर्ने देखिन्छ। सभामुख महोदय, यदि समयमा सही व्यवस्था गरिएन भने कुनै पनि बेला मानवीय क्षति हुन सक्छ। सभामुख महोदय, त्यस कारण उहाँलाई उचित राहतको व्यवस्था गरिदिनु हुन म जोडदार माग गर्दछु। अर्को महत्वपूर्ण कुरा कुनै पनि पक्की पुल क्रयाक हुनु भत्कनु आश्चर्यको विषय हो सभामुख महोदय। चाहे त्यो राजनैतिक हिसाबले किन नहोस् चाहे त्यो प्राविधिक हिसाबले किन नहोस् चाहे त्यो पक्कै पनि लापरवाही र हेलचक्राई भएको हुनु पर्दछ सभामुख महोदय। त्यस कारण म त्यस पुल बनाउँदा जुन आबद्ध हुने संघ संस्था वा व्यक्तिलाई तुरन्तको तुरन्त तपाईको चै बोलाई छानबीन गरी कारवाही अगाडी बढाउनु हुन म हार्दिक अनुरोध गर्दछु। सभामुख महोदय, म एउटा उदहारण दिन चाहन्छु करिब उन्नाइसौं, उन्नाइसौं पन्चानब्बेमा दक्षिण कोरियाको हुण्डाई नदिको माथि पुलमा करिबन ४५ वर्ष ५० वर्षमा बनाएको पुल बीचको भाग खस्न जाँदा दक्षिण

कोरिया सरकारले त्यो पुल बनाएर, बनाउनु हुने जुन संस्थाहरु थियो, व्यक्तिहरु थियो, क्यान्ट्रक्टरहरु थियो वा इन्जिनियरहरु थियो, सबैलाई बोलाएर छानबीन गरी कारवाहीको दायरामा ल्याएको थियो। सभामुख महोदय, त्यस कारण, म के विनम्र अनुरोध गर्न चाहन्छु के भन्न चाहन्छु भने पक्कै पनि यो प्रदेश सरकार, स्थानीय सरकार वा तपाईंको संघीय सरकारले तुरन्तको तुरन्त छानबीन गरी, समिति गठन गरी, हेलचक्राई भएको छ, लापरवाही भएको छ भने उहाँहरुलाई कारवाहीको दायरामा ल्याउनु पर्छ। सभामुख महोदय, त्यस कारण यो एउटा पक्की पुल बनाउने भनेको पूर्ववक्ता साथीहरुले यि शाखाले पनि राख्नु भएको छ पचास वर्षको लागि बनाउने हो तर १०—११ वर्षमा भत्किनु। यो आश्चर्यजनक हो। त्यस कारण पक्कै पनि यहाँ लापरवाही भएको हुनु पर्छ। यो कमजोरी भएको हुनु पर्छ सभामुख महोदय। अर्को कुरा हामीले अहिले विचार गर्नु पर्ने कुरा भाषणले मात्रै नभइकन हाम्रो काम गर्ने शैली, हाम्रो परम्परा, हाम्रो व्यवहारलाई हामीले तुरन्तको तुरन्त यसलाई सच्याएनौं भने। यो प्रवृत्तिहरुलाई हामीले अलिकति सच्याउन सकेनौं भने यो साँच्चि कै तुरन्तको तुरन्त हामीले त्यो पोखराको रंगशाला, पोखराको एअरपोर्टलाई त्यो समय भित्र बनाउन सक्दैनौं। त्यस  कारण त्यो काम गर्ने तरिका जुन २४ घण्टामा कम से कम २४ घण्टामा ८—८ घण्टाको दरले एउटा तपाईंको काम गर्ने प्रवृत्ति हामीले अवलम्बन गर्न सकेनौं भने साँचैकै रुपमा हामीले चाहेको, नेपाली जनताले चाहेको, यो प्रदेशले चाहेको जुन आकाँक्षा थियो त्यो पूरा गर्न सक्दैन। सभामुख महोदय, त्यस कारण म तुरन्तको तुरन्त यो प्रदेश सरकार तपाईको संघीय सरकारसंग र स्थानीय सरकारसंग यो पुल चाँडो भन्दा चाँडो बनाओस र समृद्धिको दिशातिर उन्मुख होस् भन्ने अनुरोध गर्दछु। धन्यवाद ।

## माननीय सभामुखज्यूको

माननीय सदस्य श्री राजिव पहारी ।  समय १० मिनेट ।

**माननीय राजिव पहारीज्यू**

माननीय सभामुख महोदय, अन्नपूर्ण बेसक्याम्पको आधार शिविर नेपालको मात्र होइन विश्वकै सर्वोकृष्ट गन्तव्य स्थान र पदयात्रा रुट हो। विगतमा भन्दा अहिले पदयात्रा गर्ने पर्यटकहरुको सँख्यामा व्यापक रुपमा वृद्धि भएको छ तर एक हप्ता अगाडी आएको हावाहुरी र हिमाली तुफानको कारणले बेसक्याम्पमा रहेका ४ वटा होटलहरु पूर्ण रुपमा ध्वस्त भएका छन् भने भञ्याङ्गमा रहेका २ वटा होटलहरु पनि पूर्ण रुपमा ध्वस्त भएका छन् । ठूलो परिमाणमा स्टकमा राखिएको अन्न लत्ता कपडा लगायतका सामग्रीहरु पूर्ण रुपमा ध्वस्त भएका छन् र यसले एउटा गलत संदेश पनि संप्रेषण भई रहेको छ । २०१९ लाई प्रदेश सरकारले आन्तरिक भ्रमण वर्ष र २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा संघ सरकारले  मनाउन लागि रहेको बेलामा यो अन्नपूर्ण बेसक्याम्पमा जुन आँधि तुफानले ठूलो क्षति भएको छ । यसलाई पनि असर पार्ने अवस्था छ । तसर्थ अविलम्ब अन्नपूर्ण बेसक्याम्पमा भएको क्षति र त्यसलाई पहिलाकै अवस्थामा ल्याउनुको निम्ति म प्रदेश सरकारको चाँही गम्भीर रुपमा ध्यान आकृष्ट गराउन चाहन्छु। दोस्रो, गण्डकी प्रदेशको महत्वपूर्ण सम्पत्ति भनेको पोखरा रंगशाला हो, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल हो यसलाई प्रदेश सरकार मातहतमा ल्याउनको निम्ति पनि म सरकारले यथाशिघ्र यसको निम्ति काम अगाडी बढाओस यो अनुरोध गर्न चाहन्छु। अर्को पोखरामा चाँही शान्ति सुरक्षाको अवस्थालाई अझ सुदृढ व्यवस्थित बनाउनु पर्ने छ। विगतमा भन्दा शान्ति सुरक्षाको अवस्था अत्यन्तै राम्रो छ। यसको निम्ति सि.सि. क्यामरा व्यापक रुपमा राख्नु पर्ने छ। अहिले अपराध नयाँ नयाँ ढंगबाट भई रहेका छन् । यो अब बजेट पनि पूरै  खर्च हुन पूर्ण रुपमा खर्च हुने अवस्था छैन विविध कारणले  तसर्थ यो सि.सि. क्यामरा राखेर यो अपराधलाई नियन्त्रण गर्ने काममा अलि प्रभावकारी ढंगले सरकारको यता ध्यान आकृष्ट गर्न चाहन्छु र अर्को प्रदेश सरकार मातहतका र गण्डकी

प्रदेशका कार्यालयहरु अझै खासगरी जनताको दैनिक जनजीवनसंग सम्बन्धित कार्यालयहरुमा त्यहाँ कार्यालयको हाकिम देखि कर्मचारीको अवस्था ट्राफिकको जस्तो छ। ट्राफिकले के गर्छ भने चोकमा उभिएको ट्राफिकले यताबाट समस्या उता पठाइदिने, उताबाट यता पठाइदिने, उताबाट उता पठाइदिने कै गाडीहरु त्यो पठाएर ट्राफिकले बाटो त क्लियर गर्छ तर के छ भने सरकारी कार्यालयहरुमा के हुन्छ भने कोही पनि जिम्मेवार नहुने यो ट्राफिक जस्तो भूमिका रोल खेल्ने खालका कर्मचारीहरुको प्रवृत्ति छ यसलाई कडाई गर्नको निम्ति अनुरोध गर्दछु। अर्को यो बहुचर्चित विषय फेवातालको संरक्षणको विषयमा दश करोड रुपैया प्रदेश सरकारले छुट्टाएको छ। अब वर्षा शुरु हुने बेला पनि भएको छ तसर्थ माथिल्लो तटीय क्षेत्रमा चेकड्याम सिक्रेसन पोखरीहरु हामीहरुले नबनाउने हो भने चंकपुलसम्म भएको फेवाताल खपौंदीसम्म आको छ। अर्को वर्ष त खपौंदिबाट पनि यता फेरी सेतितिर आइपुग्ने परिस्थिति पनि हुन सक्छ तसर्थ अविलम्ब हामीले यो सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नको निम्ति समिति बनेको छ। त्यो एक ठाउँमा छँदैछ यो बजेटलाई तुरन्तै यथाशिघ्र कार्यान्वयन गर्नको निम्ति पनि म सम्बन्धित निकायको ध्यान आकृष्ट गर्न चाहन्छु। अर्को कुरा मलाई ठ्याक्कै थाहा त भएन नेपाल प्रेस युनियन भनेको कुन पार्टीसंग सम्बन्धित छ मलाई ठ्याक्कै त थाहा छैन। बेनीले आयोजना गरेको आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाली काँग्रेसका आदरणीय सभापति शेरबहादुर देउबाज्यूले यो सरकार र सि.के. को, सि.के.संग समूहको बिचमा जुन सम्झौता भयो, यो सम्झौता स्वागत योग्य कुरा हो भनेर उहाँले स्वागत गर्नु भएको छ म नेपाली काँग्रेसका सभापति पार्टी सभापतिलाई हार्दिक धन्यवाद दिन चाहन्छु तर पार्टी भित्रका गुट उपगुटहरुले कुन कुरा गर्छन, कसले के अभिव्यक्ति गर्छन्, भने मेरो चासोको विषयको कुरो पनि होइन तर एउटा महत्वपूर्ण कुरा भनेको के हो भने यो सरकारले के.पी.ओलिको नेतृत्वको सरकारले फरक

सोच राख्ने, मान्यता राख्ने, विखण्डनकारी सोच राख्ने, त्यो समूहलाई पनि राष्ट्रिय राजनीतिको राजनीतिको मूल मार्गमा ल्याउन सफल भएको छ त्यसको निम्ति म यो सरकारलाई धन्यवाद दिन चाहन्छु। एउटा भनाई छ भदौमा आँखा फुटेको गोरुले संधै हरियो देख्छ भने जस्तै संधै जे कुरामा नै आग्रह पूर्वाग्रह राख्ने कुरा आफैमा राम्रो कुरा होइन कि कहिले काँहि त कमि कमजोरी भएकोमा त्यसको आलोचना गर्नु पर्छ तर राम्रो कुराको हामीमा एप्रिसिएट गर्ने खालको संस्कारलाई पनि विकास गर्नु पर्छ कि। अहिले यत्ति राम्रो कुरा पृथकतावादी सोच राख्ने समूह नै राष्ट्रिय राजनीतिको मूलधारमा आएको बेलामा मुलुकमा हिजो द्वन्द र अशान्तिमा रोटी सेकेर खाने बानी परेकाहरुले यो सहमतिमा विरोध गर्ने कुरालाई धेरै अन्यथा मान्दिन त्यतातिर म जान चाहन्न। र हामीले अहिले भारतले नाकाबन्दी गर्दाखेरी नाकाबन्दीको न पनि बोल्न नसक्ने यथास्थिति राष्ट्रवादको पक्षमा छैन। म अग्रगामी राष्ट्रवादको पक्षमा भन्न र प्रगतिशील राष्ट्रवादको पक्षमा छु म यो सभामुखज्यूलाई राख्न चाहन्छु। र अब अरु यो विजयपुर खोलाको विषयमा पनि कुरा आयो। त्यो पुल कालो पत्रै त्यो विजयपुर पुलको बारेमा पुल बनेको ११ वर्षमा नै भत्किने भनेको हाम्रो निमार्णका संरचनाहरु कसरी बनी रहेका छन् भने यो तर्फ पनि चाँहि हामीले ख्याल गरौं र अन्तिममा म सरकारलाई जे जति कुराहरु अहिले यो जन सरकारका यो अरु कुराहरु आएका छन् यसमा चाँहि महिलामुखी ढंगले देखिनेबाट चाँहि काम होस् र यौटा चाँहि यो खास गरेर अहिले पोखरा–बाग्लुङ्ग हाइवेमा चाँहि बाटो चक्लाउने ६ लेनको बाटो चक्लाउने काम त भई रहेको छ तर बिजुलीका पोलहरु अहिले पनि त्यहीं बीचमै छन् अब वर्षाका बेला हावाहुरी शुरु हुन्छ फेरी ति पोलहरु ढलेर मानवीय क्षति हुने, अन्य दुर्घटना हुने स्थिति हुन्छ तसर्थ तुरन्त ति पोलहरु सार्ने काममा पनि यथाशिघ्र काम गरियोस् र यो प्यारागल्याइडिङ्ग अनि एक हप्ता भित्र स्लो पाइलट भन्ने रहेछ सिकारु पाइलटको दुई जनाको निधन भै सकेको छ एक्सिडेन्ट भएर

तसर्थ यो प्यारागल्याइडिङ्ग पनि अलि व्यवस्थित गर्न ध्यान आकृष्ट गर्न चाहन्छु। र अझै पनि हामीले पटक पटक कुरा उठाउँदाखेरि पनि अर्को ट्राफिक जाम अहिलेसम्म हटन सकेको छैन। यो ट्राफिक जाम र पार्किङ्गको एकदम ठूलो समस्या छ। यसलाई व्यवस्थित गर्ने कुरामा पनि परिणाममुखी केही काम होस्। धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७५ साल फागुन २३ गते सभामा प्रस्तुत गर्नुभएको “गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथी विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५ साल फागुन २३ गते प्रस्तुत भएको **“गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”** गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयकमाथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अव, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानले मिति २०७५ साल फागुन २३ गते सभामा प्रस्तुत गर्नुभएको “गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको

विधेयक" माथी विचार गरियोस् भन्ने प्रस्ताव माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयककोे सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । निर्धारित समय भित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले सजिलोका लागी सभामुखको ड्याससँगै बसेका अधिकृत कर्मचारीहरुलाई नाम टिपाइदिनुहुन अनुरोध गर्दछु ।

## माननीय सभामुखज्यू

सर्वप्रथम माननीय श्री मिन प्रसाद गुरुङ लाई  छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय मिन प्रसाद गुरुङज्यू

सभामुख महोदय, मिति २०७५ चैत्र २३ गते माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीले यस सदनमा पेश गर्नु भएको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा विधेयक माथि सैद्धान्तिक छलफलमा हामी यहाँ उभिएका छौं। सभामुख महोदय, यो प्रतिष्ठान मलाई लाग्छ मेरो व्यक्तिगत विचारमा यो हामीले अलि ढिला गऱ्यो। अहिले विभिन्न खाले जुन खाले साथीहरुले पनि उठाउनु भएको छ संघीय, लोकतान्त्रिक समावेशी गणतन्त्र स्थापना भई सके पछि यसको मर्म र भावना अनुसार जुन खाले सरकारका अवयवहरु सञ्चालन हुनु पर्ने थियो जनताका अपेक्षालाई सम्बोधन र सेवाप्रवाहलाई चुस्त दुरुस्त सुशासन देखि लिएर यि कुराहरुलाई सम्बोधन गर्ने कुरामा मलाई लाग्छ  यो प्रतिष्ठान प्रदेश सरकारको एउटा कोशेढुंगा हुन सक्छ। हिजोको त्यो चाहे त्यो पंचायति काल होस् या त्यस पछिका शासन व्यवस्थामा अरुमा पनि यस्तो खालको एउटा स्टाफ कलेज लिएर अहिले यहाँ हामीहरु उपस्थित भएको नगर प्रशिक्षणको यो सभाहल कुनै समयमा यस्तै

खाले देशका राजनीतिक देखुन लिएर प्रशासनिक क्षेत्र थुप्रै व्यक्तित्वहरु उत्पादन गर्ने उहाँलाई परिमार्जन गर्ने उहाँलाई परिष्कृत गर्ने र सेवालाई चुस्त दुरुस्त गर्नको लागि अगाडी बढने क्रममा अगाडी जान्थ्यो। जे होस् ढिलै भएपनि व्यवस्तताका बावजुद सरकारले प्रदेश सरकारले अरु थुप्रै महत्वपूर्ण कामहरुलाई, ऐनहरुलाई, नियमहरुलाई, कानूनहरु निर्माण गर्ने चरणमा शायद यो अहिले हामी समक्ष आई पुगेको छ र यो राम्रो पाटो भएको छ भने मलाई लाग्दछ। संक्षिप्त रुपमा परिच्छेद ७ वटा र २५ वटा दफाहरुमा यसलाई आठपानामा सबैलाई समेटने किसिमबाट प्रदेश सरकारले यहाँ प्रस्तुत गऱ्या छ र यसको आफ्नो एउटा विशेषता पनि मलाई लाग्छ। यसले मूलतः यहाँहरुको उद्देश्यहरुमा पनि भनिएकै छ। हाम्रो प्रदेश यस्तै गरि स्थानीय सरकार अरु सार्वजनिक संस्थानहरुलाई पनि समेटिएर त्यहाँका प्रतिनिधिहरु अरु प्रशानिकसंग सम्बन्धित व्यक्तिहरुलाई त्यो सीप, भई रहेको सीप, ज्ञान, क्षमतालाई परिष्कृत गर्ने, अझ त्यसलाई अझ निखारेर अगाडि चाहिने सेवाप्रवाहमा अझ गहकिलो किसिमबाट उपस्थित गराउनका लागि यो चाहिने स्थापित भएको छ र यसको बनौट पनि ज्यादै चाहिने समावेशी खाले Inclusive जुन चाहिने एउटा त मुख्यमन्त्रीको अध्यक्षतामा जुन खाले जुन सर्वोच्च निकाय बन्ने प्रक्रिया छ यसले पनि यसको महत्व स्वयं चाहिने प्रदेशको एउटा सरकारकै प्रमुख नेतृत्वमा यो बन्न गइई रहेको हुनाले पनि यसको वजन यसको भार यसको महत्वलाई स्पष्ट पार्छ संगसंगै त्यहाँ चाहि एउटा महिलाको अनिवार्य त्यो भनेको जे खाले अहिले हामीहरु जुन जनताको अपेक्षा पनि कानुनले सम्बोधन गर्न खोजेका कुरा पनि त्यो कुरालाई पनि समाविष्ट गर्न गई रहेको देखिन्छ। तेति मात्र होइन यसले चाहिने अन्तर प्रदेश र अन्तर चाहिने सरकारहरु र त्यसको संगसंगै अरु अन्तरराष्ट्रिय संघ संस्थाहरुलाई पनि क्षमताको आदान प्रदान अभिवृद्धि गर्न के कस्ता सिकाईहरु सिके त्यसको मूल्याङ्कन देखिनु लिएर अनि त्यसपछि त्यस्को प्रक्षेपण गर्ने यि

यस्ता चाहिने सम्पूर्ण कुराहरु पनि यसमा राखेको देखिन्छ। तेति मात्र होइन यो चाहिने यसरी यो सिंङ्गो प्रदेश र देशकै र अन्तरराष्ट्रिय संघ संस्थाहरु पनि जुन चाहिने यो नयाँ अभ्यासमा नयाँ प्रणालीमा गई रहने बेलामा यि कुराहरुमा सिकाईहरुलाई के कस्ता किसिमका सिकाईहरु छन् ? त्यो सिकाईहरुमा के कस्ता समस्याहरु छन र त्यस्को फेरी पुनः हामीहरुले त्यसलाई परिमार्जन गर्न के कस्ता आवश्यकताहरु हुन्छन्। त्यस्तो भएको हुनाले ति कुराहरुलाई सम्बोधन गर्ने त्यो प्रक्रियाको बाटो पनि यहाँ समाविष्ट भएको छ। सबैभन्दा महत्वपूर्ण कुरा विगतमा भन्दा मलाई के फरक लाग्छ भने हामी शैक्षिक क्षेत्रको कुरा गर्दा पनि हाम्रो शिक्षा क्षेत्रको कुरा गर्दा पनि हामी अनुसन्धानमूलक र सोधमूलक किसिमबाट नगएको हुनाले, हामी व्यवहारिक र परिणाममुखी चाँहि शिक्षाको उपलब्धीहरु गर्न सकेनौं भनेजस्तै अहिलेका हाम्रा थुपै चाहिने प्रशासनिक क्षेत्रहरुमा भई रहेका कामहरु, गतिविधिहरु जे जस्तो अहिले पनि हामी साथीहरु माननीय सांसदहरुले उहिलै गर्नु भएकाका कतिपय क्रियाकलापहरुमा पनि त्यसमा समिक्षात्मक रुपमा  पुर्नलेखन, पुर्नविचार यि विचारहरुको एउटा अनुसन्धानमूलक सोधपूर्ण किसिमबाट सोधमूलक किसिमबाट जाने व्यवस्था र त्यो परिपाटीलाई अवलम्बन गर्ने र व्यवहारतः त्यहाँ चाहिने त्यो प्रयोजनलाई आत्मसात गर्ने कुराको अभाव भई रहेको बेलामा कानुनः यो चाहिने अ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका ति कुराहरु पनि उल्लेख भएको हुनाले साच्चै नै यो एउटा, एउटा प्राध्यापन गर्ने कुरा या सिकाई सिक्ने मात्र कुरा नभएर कमजोरीहरुको एउटा वैज्ञानिक अनुसन्धानमूलक एउटा विग्ङ्गस नै राख्ने र त्यसले चाहिने निक्यौल गरेका कुराहरुलाई भोलि प्रदेशमा सबै अवयवहरु चाहे त्यो आर्थिक, भौतिक, सामाजिक, शैक्षिक, साँस्कृतिक सबै कुराहरुमा त्यस्ता कुराहरुलाई अनुसन्धानमूलक किसिमबाट, खोजमूलक किसिमबाट त्यस्को निक्यौल निकालेर समस्याको पहिचान गरेर निराकरण गर्नेबाटो तर्फ पनि अग्रसर हुने यो प्रदेश

प्रशिक्षण प्रतिष्ठानमा समाविष्ट भएको हुनाले सिम्बोलिक रुपमा ज्यादै फराकिलो, ज्यादै चाहिने महत्वपूर्ण कुराहरु यहाँ चाहि आएका छन् जसले गर्दा तेति मात्र होइन अहिले चाँहि जुन खाले विभिन्न समितिहरु बन्दाखेरी अहिले बजेटका पोकाहरु फुकाउने कुरादेखि लिएर अहिले विविध कुराहरु सदनमा उठी रहेका छन्। यो कुरालाई पनि ज्यादै सुशासन, पारदर्शीता र लोक कल्याणकारी राज्यको कानुनी राज्यले व्यवस्थित गर्ने किसिमबाट अगाडी बढने क्रममा जुन खाले यो निर्देशनको कुरा छ स्पष्ट रुपमा प्रदेश लोकसेवा आयोग गठन भई सकेपछि त्यसको सिफारिसमा त्यसलाई चाहिने के भन्दा आधिकारिक रुपमा त्यसको नेतृत्व चयन गर्ने जुन कुरा राख्या छ यो पनि ज्यादै महत्वको विषय भन्ने मलाई लाग्छ। तेति मात्रै होइन त्यसरी चाहिने नियुक्ति गर्ने व्यक्तिको पनि निश्चित सिमाहरु स्नातकोत्तर, कम्तीमा दश वर्ष, त्यस पछि विद्यावारिधी गरेको भए पनि पाँच वर्ष, यि ज्यादै महत्वको विषय हुन भन्ने मलाई लाग्छ र केही कुरा, जुन खालले सरकारले शासन सञ्चालन गरी रहँदाखेरी प्रतिपक्ष या अरु बाहिरी पक्षबाट जुन खालले चाहिने, एउटा मलाई लागेको चाहिने, जुन खाले आग्रह र पूर्वाग्रह उठी रहेको छ कानुनतः त्यसको चाहिने जवाफ दिने कुरामा पनि यो गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको चाहिने, यो ऐन, यो विधेयक प्रस्तुत गरी रहँदा पनि तेतातिर पनि सम्बोधन गरेको मलाई महसुश हुन्छ। जे होस् यसो भएको हुनाले मेरो पार्टी र म लगायत यो गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सैद्धान्तिक छलफलमा पुनः समर्थन जाहेर गर्दछ। साथसाथै सभामुख महोदय, संविधान एउटा गणतान्त्रिक अनि समावेशी शासन प्रणालीमा नै अहिले उभी रहेको छौं र यसरी उभी रहँदा खेरी हामी जनप्रतिनिधि लगायत हाम्रो प्रशासन अनि हिजो कै एउटा संसदीय प्रणालीको त्यसैको चाँहिने अभ्याससँग रम्ने रमाउने अनि त्यो भन्दा माथि उठ्ने प्रयत्न गरि रहेको, उठ्न मानसिकता पनि कहिं कतै अलिकति संकुचनमा भई रहेको र संगसंगै हाम्रो चाहनामा प्रतिबिम्बित पनि, अलि कहिं कतै त्यहिं निर

रुमल्एिको स्थितिमा यो प्रतिष्ठान चाहिने एउटा कोशेढुंङ्गा हुन सक्छ। यो नयाँ परिवेशमा, नयाँ अभ्यासमा नयाँ प्रणालीमा जाँदाखेरिका अप्ठयाराहरु र त्यो मानसिक रुपले तयार हुने कुरा र त्यसलाई व्यवहारमा प्रयोजन गर्दा खेरि भएका समस्या सम्बोधनका कुरा यि कुराहरु मलाई लाग्छ यो प्रतिष्ठानमा, हामी यो प्रतिष्ठान बने पछि एउटा जुन खाले हामी पुराना माइण्ड सेट छ, त्यसलाई रुपान्तरण गर्ने एउटा राम्रो जमर्को र प्रयत्न हुन्छ भन्ने लाग्छ सभामुख महोदय, तेति मात्र होइन अहिले पल पलमा थुप्रै कुराहरुको प्रविधिको विकास संगसंगै अ थुप्रै अभ्यासहरु पनि छन् र नितान्त हामी अहिले यहिं प्रदेश सभाको कुरा गर्ने हो भने हामी नयाँ अभ्यासमा चाहिने अहिले उभीएका छौं तेसो भएको हुनाले यो अभ्यास र सिकाईका कुराहरुलाई पनि स्वाभाविक रुपमा हामीहरुले बुझ्न बुझाउन र सिक्न सिकाउन र सिक्ने सिकाउने र बुझ्ने बुझाउने मात्रै होइन व्यवहारतः उत्रिएर जनताको जुन अपेक्षा छ शासन प्रणालीमा या चाहिने अहिले संघीय प्रणालीले जुन खालले चाहिने जनताको सेवा प्रवाह घरमै नजिकै प्रभावकारी किसिमबाट आउने कुरा छ त्यसलाई पनि बलियो किसिमबाट प्रस्तुत हुने कुरा अ यसले चाहिने सम्बोधन गर्छ तेति मात्र होइन यहाँहरुलाई सबैलाई निवेदन गरी रहुन पर्दैन सभामुख महोदय, एउटा हामीहरु नयाँ प्रविधि, नयाँ अभ्यास, नयाँ चाहिने कुराहरुसंग अपडेट भएन भने हामी आफै पनि आउटडेट हुन्छौं त्यसो भएको हुनाले म पूर्ण रुपमा यसरी यो विधेयक प्रति समर्थन मेरो पार्टीको समर्थन जनाउँदै सैद्धान्तिक रुपमा अ यसको अ अगाडी बढाई यो विधेयकको रुपमा पक्कै पनि आउने छ भन्दै आफ्नो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय श्री डोवाटे विश्वकर्मा लाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय डोवाटे विश्वकर्माज्यू**

सभामुख महोदय, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी विधेयक र व्यवस्था गर्नको लागि बनेको विधेयक सम्बन्धीमा सैद्धान्तिक छलफलमा लागि हामी जुटेका छौं वास्तवमा यो प्रतिष्ठान प्रशिक्षण भनेको निश्चय पनि जनतालाई आफ्नो नजानेका कुरालाई पनि जान्न पाउने र जान्न सकिने र हरेक क्षेत्रमा त्यसलाई दक्षता बनाउने यसको मुख्य उद्देश्य हो भन्ने मलाई लाग्दछ । त्यस कारणले पनि मलाई आज जसरी यो समितिको जे जुन यहाँ व्यवस्था गरिएको त्यसले बडो उज्योला खालको र यसले चाहि निश्चय पनि जनतालाई चाहि विश्वास दिलाउन खालको जुन एउटा यो विधेयक प्रस्तुत भएर यहाँ आएको छ । यसले निश्चय पनि गण्डकी प्रदेशका जनताले सुसूचित र कम से कम जनताले आफ्नो क्षमता अभिवृद्धी गर्ने खालको वातावरण सिर्जना हुने छ र यहाँ विशेष गरेर यहाँ कर्मचारी होस् वा हामी प्रतिनिधि हुम, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न संघ संस्थाका सबैलाई प्रशिक्षण गरेर कम से कम चाँहि एउटा जुझारु र कम से कम एउटा चेतनशील नागरिक बनुन भन्ने कुरामा निश्चय पनि चाहि यो विधेयकले टेवा पुऱ्याउछ भन्ने मलाई लाग्दछ। र यसै सन्दर्भमा म थोरै कुरा मात्रै जोडन चाहन्छु र वास्तवमा यो कार्यकारी निर्देशकको सम्बन्धमा जस्तो पाँच वर्ष पदावधि वर्षको भनेको छ फेरी एक वर्ष थप्न सक्ने भन्ने जुन कुराहरु छ त्यस कारणले गर्दाखेरिमा एउटै मान्छेलाई निरन्तरता, एउटै ठाउँमा राखी राख्दाखेरिमा पनि त्यो स्वेच्छाचारी हुन्छ कि भन्ने मलाई लाग्दछ। त्यसले गर्दा चाँहि यसालाई केही पुर्नविचार गरेर एक कार्यकाल मात्रै भन्दा उपयुक्त हुन्छ कि भन्ने मलाई लाग्दछ। एक कार्यकाल मात्रै भयो भने उसले गर्ने कामहरुमा पनि दक्षता र चाँहि स्वेच्छाचारी हुने कुराबाट रोकिन्छ कि भन्ने मलाई लाग्दछ । अर्को कुरा यो चाँहि, यो चाँहि समितिको लागि पनि राम्रै

व्यवस्था गरियोस् तर प्रशिक्षणको नाममा अहिले सम्म विगतमा भएका अनुभवलाई विचार गर्दामा के छ भने प्रशिक्षणको नाममा प्रशिक्षण मात्रै जस्तो गर्ने र बजेटहरुलाई कागजी प्रक्रियामा व्यवस्था मिलाउने खर्च गर्ने वातावरण सिर्जना गरिएको थुप्रै उदहारणहरु छन् त्यसले गर्दा पनि यसलाई रोक्ने कुरामा पनि एकदमै अब यो समिति बढो चनाखो भएर यसलाई रोक्ने वातावरण सिर्जना गरेर प्रत्यक्ष रुपबाट यो बजेटबाट खर्च भएर प्रशिक्षण प्राप्त गर्दा खेरी जनता दक्ष र प्रशिक्षित हुने खालको वातावरण सिर्जना गर्नका लागि पनि यसले चाँहि टेवा पुग्ने छ भलाई लाग्दछ र अर्को कुरा यो समिति गठन गर्ने सम्बन्धमा जसरी हाम्रो यो झण्डै झण्डै बीस पच्चीस वटा विधेयकहरु यहाँ पेश भएर पनि पास भई सकेको अवस्था छ यो समितिको सम्बन्धमा म थोरै मात्रै कुरा राख्न चाहें किनभने यहाँ तीन, दुई तीन जना मनोनित गर्ने भन्ने खालको जुन छ त्यसमा अनिवार्य एक जना महिला भनिएको छ तर यो पच्चीस वटा विधेयकहरु आउँदाखेरि पनि दलितहरुको कुनै ठाउँमा पनि सम्बोधन जोडिएको अवस्था छैन त्यस कारणले यो प्रदेशमा झण्डै पच्चीस प्रतिशत भन्दा बढी दलितहरुको उपस्थिति भएका कारणले त्यो समितिमा कम से कम दलितहरु पनि समावेश हुने वातावरण सिर्जना भयो भने कम से कम हरेक क्षेत्रमा त्यसले पनि एउटा समावेशी ढंगबाट जान सक्थ्यो भन्ने मलाई लाग्छ र मलाई लाग्छ जुन यो विधेयक आएको छ  हाम्रो गण्डकी प्रदेशको दक्षित र प्रशिक्षित हुने खालको वातावरण सिर्जना गर्नका लागि यो विधेयकले टेवा पुऱ्याउन्छ भन्ने विश्वास राख्दै मेरा भनाई यहीं अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय  श्री धनमाया लामालाई  छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**माननीय धनमाया लामाज्यू**

माननीय सभामुखज्यू, हामीले यस वर्षलाई नीति तथा कानून निर्माणको वर्षको रुपमा लिएका छौं । यस अवधिमा धेरै विधेयकहरु पनि पास गरी सक्यौं र केही प्रक्रियामा नै छन् । विधेयकहरु निर्माणकै सिलशिलामा कतिपय विधेयकहरु संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयसूचीमा पनि प्राधिकरण र प्रतिष्ठान बन्दै गर्दा भोलि नीति कार्यान्वयन र कार्य सम्पादनमा समस्या आउन सक्ने हुँदा यसमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु र अर्को कुरा गण्डकी प्रदेशमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको निर्माण गरी रहंदा प्रतिष्ठानको कार्यकारी निर्देशक कुनै पनि राजनीतिक नियुक्ती, कार्यकारी निर्देशक कुनै पनि राजनीतिक नियुक्तीको, नियुक्ती नभईकन खुल्ला प्रतिस्पर्धा र लोकसेवा आयोगबाट आउनु पर्छ भन्ने मेरो मान्यता छ । यही कुरा राख्दै विदा हुन्छु हस् त धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय श्री मित्र कुमारी गुरुङ सुवेदी लाई छलफलमा भाग लिन समय दिन्छु। समय १० मिनेट ।

**माननीय मित्र कुमारी गुरुङ सुवेदीज्यू**

माननीय सभामुखज्यू महोदय, सरकार मेरो स्वरै अलि बसे झैं यो कस्तो मलाई ज्वरो आएछ के मलाई अलिकति सन्चो छैन कि । सरकारले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ठीक समयमा ल्याएको छ । हामी यस विधेयकको छलफलमा छौं। सभामुख महोदय, म भन्न चाहन्छु प्रशिक्षण यस्तो विषय हो जसले सरकारी र सार्वजनिक संस्थाहरुमा काम गर्ने कर्मचारीको अ कार्यक्षेत्रमा आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धी गर्नमा

प्रभावकारी भूमिका खेल्दछ। कर्मचारीमा आफ्नो जिम्मेवारीको बोध गराउन, सिर्जनशील र उत्पादनशीलता बढाउन मद्दत गर्छ, कर्मचारीको काम सजिलो पार्न सिर्जना गरी उनीहरुमा आत्मविश्वास बढाउने काम गर्दछ । प्रशिक्षणले कर्मचारीमा प्रभावकारी कार्य सम्पादन गर्न प्रेरणा प्रदान गर्छ । नैतिक मूल्य मान्यता जस्ता विषयलाई विषयले प्रशासन र व्यवस्थापन प्रभावकारी जनमुखी बनाउन सहयोग गर्दछ तसर्थ गण्डकी प्रदेश, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना हुनु आवश्यक र स्वाभाविक भएकोले म यस विधेयकको पूर्ण समर्थन गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय हरि बहादुर चुमानज्यू**

सभामुख महोदय, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान को (सञ्चालन तथा व्यवस्थापन) गर्नको निम्ती अर्थात् त्यस सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सरकारले यहाँ पेश गरेको छ यसै सन्दर्भमा जे जति छलफल भए यस बारेमा केही विषयहरु राख्न चाहन्छु। पहिलो कुरा हामी संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक संविधानको कार्यान्वयन गरी रहेका छौं। यसको पनि प्रारुप संघीयताको कार्यान्वयन गरी राख्या छौं यो प्रणाली नि नयाँ प्रणालीमा हामी प्रवेश गरी राख्या छौं त्यसैले हामी सबै यो प्रणालीको निम्ती नयाँ छौं। सरकार पनि नयाँ छ, पदाधिकारीहरु पनि नयाँ छन् र कर्मचारीहरु पनि नयाँ छन् सबै सबै हामी नयाँ छौं। यस कारण यो संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्ने कुरा अर्थात्

यसको मर्मलाई बोध गर्ने कुराको निम्ति हामीले कर्मचारीहरु मात्रै नभएर सरकारद्धारा राजनैतिक नियुक्ति प्राप्त गरेका मनोनित भएका र संगसंगै हामीले हामी निर्वाचित पदाधिकारीहरु समेत, निर्वाचितहरु समेत स्थानीय तहमा र प्रदेश तहमा निर्वाचितहरुसम्मलाई प्रशिक्षण, अन्तरक्रिया आदि माध्यमबाट व्यवसायिक, व्यवसायिक ज्ञान र सीप हासिल गर्न जरुरी छ अर्थात् व्यवसायिक ज्ञान, सीप क्षमताको अभिवृद्धी गर्न जरुरी छ त्यसै अनुसार हाम्रा स्थानीय तहहरु अर्थात् हाम्रो दुई तहको भनौं, प्रदेश सरकार र स्थानीय तहको अब तहलाई र त्यससंग सम्बन्धित कर्मचारी, पदाधिकारी सबैलाई सबल, सक्षम र प्रभावकारी बनाउन जरुरी छ। त्यस कारण हामीले यो विधेयक ल्याउँदा कर्मचारी प्रशिक्षण प्रतिष्ठान जुन केन्द्रमा नेपाल सरकारले चलाई राखेको छ, अहिले पनि कायम छ, तेति मात्रै नभनेर हामीले दुई वटै क्षेत्रलाई समेटनु पर्छ। यो कर्मचारी मात्रै होइन निर्वाचित, मनोनित, राजनैतिक नियुक्ति प्राप्त पदाधिकारीहरु समेतलाई पनि प्रशिक्षण गर्न जरुरी छ अर्थात् यि सबैमा व्यवसायिक ज्ञान, सीप, क्षमताको अभिवृद्धी गर्न जरुरी छ भनेरै दुई वटैलाई जोडेर हामीले यो विधेयक ल्याएका छौं। त्यो रुपमा हामी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन गर्दै छौं। अर्को कुरा अब हाम्रो कर्मचारी र पदाधिकारीहरु लाई सक्षम बनाउने कुरा, सबल बनाउने कुरा त छंदै छ, उहाँहरुको क्षमताको अभिवृद्धी गर्ने कुरा त छंदै छ सँगसँगै हाम्रो विकास कार्यक्रमहरुलाई पनि प्रभावकारी बनाउन जरुरी छ। र त्यसको निम्ति खासगरी प्रदेश सरकारको यो प्रशासन र यो संस्थान विभिन्न सार्वजनिक संस्थान र यिन चर्चा पनि भई सक्या छ। त्यसको पनि, त्यसलाई पनि प्रभावकारी बनाउनु जरुरी छ। यो संघलाई पनि जोडिएको छ र संगै संगै यो प्रशिक्षण यहाँ चर्चा पनि भयो यो प्रशिक्षण परम्परागत रुपको प्रशिक्षणले चल्दैन किन भने हामी

नयाँ प्रणालीमा आएका छौं। नयाँ प्रणालीको मर्म बोध परम्परागत प्रशिक्षणबाट सम्भव छैन त्यस कारण त्यसलाई समयानुकूल परिमार्जन गर्दै, समयानुकूल विकास गर्दै, हामीले हाम्रा प्रशिक्षणहरुलाई प्रभावकारी र समसामयिक बनाएर ल्याउन जरुरी छ। यि कामहरुको निम्ति ति समस्यामूलक क्षेत्रहरुमा हामीले अध्ययन अनुसन्धान अर्थात् त्यसको अनुसन्धान गर्न पनि जरुरी छ। अब त्यहाँ परामर्श सेवा र सूचना सेवा समेत सञ्चालन गरेर त्यसबाट हामीले हाम्रो प्रशिक्षणलाई प्रशिक्षण सामग्रीलाई विकास गर्न पनि जरुरी छ। त्यसलाई अब प्रवर्धन गर्न पनि जरुरी छ। यस हिसाबले यो विधेयक आएको छ। अब मुख्य विषय र चर्चा त भई नै सके संगै अलि जोड गर्नु पर्ने विषय यो समन्वयको पनि छ। हामीले उद्देश्यमै त्यसलाई समन्वयमा राख्या छैन तर पछाडी त्यसै काममा यो यसको हाम्रो प्रशिक्षण प्रतिष्ठानको सम्पन्न गर्ने अथवा सम्पादन गर्ने कामको सन्दर्भमा हामीले उहिले गर्या छौं त्यो भनेको समन्वय। यो समन्वय पनि दुई वटा क्षेत्रमा, एउटा त हाम्रो प्रशिक्षण सरकारले सञ्चालन गर्ने प्रशिक्षण र विभिन्न सार्वजनिक संघ संस्थाहरुले सञ्चालन गर्ने प्रशिक्षणको सन्दर्भमा पनि हामीले समन्वय गर्न जरुरी छ। अर्को संगै अब यो तीन प्रदेश सरकारले पनि नेपाल सरकार र अन्तरराष्ट्रिय संघ संस्थाहरुबाट पनि विभिन्न प्रशिक्षणहरु सञ्चालन भई रहन्छन्। त्यसको बिचमा समन्वय गर्नको निम्ति पनि समन्वय गर्ने काम पनि यही प्रशिक्षण प्रतिष्ठानले गर्ने गरी हामीले यो विधेयक ल्याएका छौं। र संगै यो यो अब यो प्रशिक्षण प्रतिष्ठानलाई अब स्वशासित र संगठित संस्थाको रुपमा अथवा एउटा स्वायत्त संस्थाको रुपमा स्थापित गर्ने, तेहि रुपमा यसलाई विकास गर्ने कुरा स्पष्टसाथ उल्लेख गरिएको छ र यसमा दुई वटा एउटा प्रशिक्षण परिषद् र अर्को कार्यकारी समिति। प्रशिक्षण परिषद् मुख्यमन्त्रीकै नेतृत्वमा, अब त्यसले

मुख्यतः नीति निर्माण गर्ने कुरा, दीर्घकालीन योजना निर्माण गर्ने कुराहरु गर्छ भने त्यसको एक्शन कमिटिको रुपमा कार्यान्वयन गर्ने चाहि कार्यकारी समिति त्यसका लागि कार्यकारी निर्देशकको व्यवस्था गरेर जाने कुरा यसमा उल्लेख गरिएको छ र कार्यकारी निर्देशकको सन्दर्भमा योग्यता तोकिएको छ । स्नातकोत्तर गरेर, दश वर्षको अनुभव वा पि.एच.डी. गरेर, पाँच वर्षको अनुभव अनि स्पष्ट रुपमा त्यहाँ उल्लेख गरिएको छ संगै त्यसको सन्दर्भमा, नियुक्तिको सन्दर्भमा, अब त्यसको बारेमा मापदण्ड तयार गर्ने छ र त्यो मापदण्यडको आधारमा, मापदण्डको आधारमा प्रतिस्पर्धा बाटै कार्यकारी निर्देशकको नियुक्ति हुनेछ । र त्यो सम्भव नहुँदासम्म हामी त्यसको निम्ति अब यो प्रदेश लोकसेवा आयोगबाट त्यहाँको कर्मचारी नियुक्त हुने कुरा पनि हामीले उल्लेख गऱ्या छौं अब प्रदेश लोकसेवा आयोग गठन नहुँदासम्म अब हामीले तत्काल यसलाई अगाडी बढाउनु पर्ला तेस्तो अवस्थामा चाँहि प्रदेश सरकारकै सचिव पनि एउटा सचिवलाई त्यहाँ नियुक्त गरेर त्यहाँ पठाएर अब त्यसलाई अगाडी बनाउने भन्ने बारेमा नि यसमै स्पष्टसाथ उल्लेख गरिएको छ। अब यहाँ केही प्रश्नहरुको सन्दर्भमा, यहाँ माननीय सदस्यज्यूहरुले जो राख्नु भाछ यो प्रशिक्षणका लागि प्रशिक्षण बन्नु हुन्न, बजेट पचाउनका लागि प्रशिक्षण बन्नु हुन्न भन्ने कुरामा प्रदेश सरकार सचेत छ। यो हुन नपाउने गरी नै यो विधेयकको व्यवस्था गरेर ल्याया छ ,यहाँ सुझबुझका साथ ल्याया छ र अर्को कुरा हामी मापदण्ड बनाउँदै छौं। यसको नीति, मापदण्डहरु, ऐन, नियमहरु, यि सबै कुराहरु बनाउने कुरामा पनि, त्यस बारेमा पनि ध्यान दिइने छ। र यसमा अर्को एउटा दलित भएन भन्ने छ यसमा पनि यो महिला एक जना, महिला सहित तीन जना भनेको चाँहि परिवेशको सन्दर्भमा हो यो विशेषज्ञहरुको सन्दर्भमा हो। विशेषज्ञहरुलाई बोलाउँदाखेरि त्यहाँ महिलाहरुलाई तीन

जनासम्म बोलाउन सक्ने एक जना कम्तिमा पनि एक जना महिला होस् भन्ने कुरा गऱ्या हो तर यो तेस्तो एउटा अन्य जसरी हामी विभिन्न खालका समितिहरु बनाउँछौं। यो मुख्यतः प्रशिक्षणलाई व्यवस्थित गर्नका लागि बन्या हुनाले अर्थात् हाम्रो क्षमतालाई अभिवृद्धी गर्नको निम्ति, त्यसलाई प्रभावकारी बनाउनको निम्ति बन्या हुनाले यसलाई समावेशी एकातिर गाँसिने यो मात्रै विशेषज्ञहरुलाई बोलाउँदाखेरि त्यो पनि कम से कम एक जना महिला होस् त्यहाँ तिर पनि ध्यान पुऱ्याइया छ र यहाँ जे विषयहरु उठे त्यस सन्दर्भमा मैले जवाफ दिया लाग्या छ त पनि यो असाध्य महत्वपूर्ण हामीलाई लोकसेवा आयोग गठन नभाको कारणले पक्कै पनि केही अप्ठायारो त परेकै हो लोकसेवा, प्रदेश लोकसेवा आयोग बनेपछि पो लाने हो कि सबै संरचना पूर्ण बन्दै जान्थ्यो अर्थात् लोक सेवा आयोग मार्फत हामीले धेरै काम गर्नु पर्ने छ र त्यो लोक सेवा आयोग बनाउनका निम्ति त्यो विधेयक हामीले ल्याउन सकी राख्या छैनौं। त्यो संगै अथवा त्यो भए पछि वा त्यो संगै लाने हो कि भन्ने हो तर हामी अगाडी बढी हाल्नु पर्छ । लोक सेवा नबने सम्म अन्य विकल्पहरु पनि खोज्न सकिन्छ भन्ने बुझाईका साथ हामीले यो विधेयक ल्याएको कुरा सभामुख मार्फत सम्मानित सदनमा जानकारी गराउँदै आफ्नो भनाई यहीं टुग्याउँछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब यो छलफल यहीँ समाप्त हुन्छ ।

अब म **“गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”** माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**माननीय सभामुखज्यू**

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अव म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७५ साल फाल्गुन २३ गते सभामा टेवल भई सामान्य छलफल समेत भएको "**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" दफावार छलफलको लागी विधायन समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५ साल फागुन २३ गते प्रस्तुत भएको **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयकमाथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

हरि बहादुर चुमान

आन्तरिक मामिला तथा कानून मन्त्री

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**माननीय सभामुखज्यू**

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सभामुखज्यू**

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम बहत्तर (७२) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ। उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल फागुन २७ गते दिनको २:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**